## मिति २०७६ चैत्र १४ गतेको वीरेन्द्रनगर नगरकार्यपालिकाको आकस्मिक बैठकका निर्णयहरु

१. हाल विश्वभर फैलिएको कोरोना भाईरस (कोभिड १९) को संक्रमण विरुद्ध प्रतिरक्षा गर्ने उद्देश्यले नेपाल सरकारले मिति २०७६ चैत्र ११ गते देखि १८ गते सम्म 'औषधि उपचार, खाद्यवस्तु खरिद जस्ता अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर निस्कन नपाउने' र सम्पूर्ण व्यक्तिहरुलाई घरमै बसी उक्त संक्रमण विरुद्ध सजग हुने गरी सम्पूर्ण देश नै 'लक डाउन'गरेको अवस्थामा यस नगरपालिका र अन्तर्गतका वडाहरुले देहाय बमोजिम गर्ने निर्णय गरियो:

क) सम्पूर्ण जनप्रतिनिधीहरु, कोरोना संक्रमण विरुद्धको समन्वय समितिका पदाधिकारीहरु र विपद ब्यवस्थापनमा संलग्न हुने पदाधिकारीहरुलाई चौबिसै घण्टा सम्पर्क समन्वयमा रही सम्भावित जोखिम न्यूनीकरणमा सहभागी हुने,

ख) सम्पूर्ण स्वास्थ्य सँस्था मार्फत स्वास्थ्यकर्मीहरुले आआफ्नो सुरक्षा ब्यवस्था अपनाई स्वास्थ्य सेवा प्रवाह गर्ने, सो का लागि नगरकार्यपालिकाको कार्यालयले अन्य निकायसँग समन्वय गरी तथा विपद ब्यवस्थापन कोषबाट खर्च हुने गरी ब्यक्तिगत सुरक्षा सामग्री (PPE), इन्फ्रारेड थर्मोमिटर, ग्लोभहरु, मास्क, ह्याण्ड सेनिटाईजर लगायतका सामग्री तथा आवश्यक न्यूनतम् औषधिहरु खरिद गरी उपलब्ध गराउने,

ग) हालसम्म जिल्ला बाहिरबाट आएर घर परिवार तथा होटेलहरुमा बसीरहेका ब्यक्तिहरुलाई सोही स्थानमा निगरानीका साथ बस्ने गरी सबै वडा कार्यालयहरुले टोल बिकास सँस्थाहरु मार्फत ब्यवस्थापन मिलाउने, सो बाहेक सरकारी निकायहरुको समन्वयमा उद्दार गरी ल्याइने नगरबासी ब्यक्तिहरुलाई सरकारी विद्यालय, सामुदायिक भवन तथा विभिन्न संघ सँस्था सँग समन्वय गरी प्रत्यक्ष निगरानी (क्वारेन्टाईन) मा बस्ने ब्यवस्था मिलाउने । यसो गर्दा करिव १०० शैयाको लागि आवश्यक पर्ने न्यूनतम् सामग्रीहरु नगरकार्यपालिकाको कार्यालयले विपद ब्यवस्थापन कोषबाट खर्च गर्ने गरी ब्यवस्था मिलाउने, अन्य कुनै निकायबाट त्यस्तो ब्यवस्थापनमा सहयोग सहकार्य नभए पनि खाद्यान्न लगायत सुरक्षा र स्वास्थ्यकर्मी ब्यवस्थापन गर्ने ।

घ) गर्मीयाम बढ्दै गरेको र संक्रमण फैलन सक्ने अवस्थालाई मध्यनजर गरी नगरपालिका अन्तर्गतका जनसम्पर्क बढी हुने टोलहरु, कार्यालयहरु, स्वास्थ्य सँस्था,अस्पताल, क्लिनिकहरु, अत्यावश्यक सामग्री विक्रिवितरण हुने स्थानहरु र

Scanned with CamScanner

मुख्य बजार चोकहरुमा नगरपालिकाको दमकल मार्फत क्रमशः क्लोरिन तथा डिसईन्फेक्ट/विषादि छर्कने ।

ङ) यस अवधिमा खटिने कर्मचारी, स्वास्थ्यकर्मी,दमकल सचालनमा खटिने कर्मचारी तथा सरसफाईकर्मीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी कर्मचारी प्रोत्साहन कार्यविधि, २०७६ बमोजिमको प्रोत्साहन खर्च उपलब्ध गराउने,

२.

क) विश्वभरी फैलिएको संक्रमण नियन्त्रण नभई नेपाल सरकारद्वारा'लकडाउन' को अवधि चैत्र १८ गते पश्चात पनि थप भएको खण्डमा प्रत्येक वडा समितिहरुले आफ्नो वडामा भएका वीरेन्द्रनगरका बासिन्दा मध्ये दैनिक परिश्रम गरी साँझ बिहान छाक टार्नुपर्ने र बन्दको कारणले साँझ बिहान खान नपाउने किसिमका परिवारहरुको पहिचान गरी संख्यात्मक विवरण उपलब्ध गराई त्यस्तो परिवारलाई बन्द नखुल्ने अवधि सम्मका लागि नगरपालिकाले प्रत्येक वडा मार्फत न्यूनतम् खाद्यवस्तु (दाल,चामल,तेल र नुन) राहत स्वरुप उपलब्ध गराउनुपर्ने भए त्यस्ता परिवार एकीन गरी सो वापत लाग्ने अनुमानित खर्च सहितको विवरण चैत्र १८ गतेभित्र ईमेल (bipad.bnm@gmail.com) मार्फत उपलब्ध गराउने । साथै बन्दको कारणले साँझ विहानको न्युनतम खाद्यवस्तु सामाग्रि खरिद गर्न घर बाहिर जान नसक्ने अवस्था भएमा वडा बासीले घरबाटै न्युनतम खाद्यवस्तु सामाग्रि खरिद गर्न सक्ने गरी नगरपालिकाले हरेक वडामा आवश्यक व्यवस्था मिलाउने ।

ख) प्रकरण (क) बमोजिमको ब्यवस्था गर्न लाग्ने खर्च रकम प्रतिवडा अधिकतम ५ लाखका दरले चालु आर्थिक वर्षको लागि वडातर्फ पूँजीगत शीर्षकमा बिनियोजित बजेट अन्तर्गत चालु आर्थिक वर्षमा सम्पन्न हुन कठिन हुने कुनै योजना कटौती गरी वा कुनै पनि योजनाको टेण्डरबाट घट हुने रकमलाई विपद ब्यवस्थापन कोषमा रकमान्तर गरी खर्च गर्ने । साथै यसरी समेत नपुग हुने रकम नगरपालिकाले अन्य उपयुक्त शिर्षकबाट थप गरी खर्च गर्ने ।

ग) नगरका सबै टोलमा स्थानीय सुरक्षा निकाय सँगको समन्वयमा कोरोना भाईरस (कोभिड १९) को संक्रमण विरुद्ध प्रतिरक्षा गर्ने उद्देश्यले अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर निस्कन नपाउने' र सम्पूर्ण ब्यक्तिहरुलाई

Scanned with CamScanner

घरमै बसी उक्त संक्रमण विरुद्ध सजग भई लकडाउनको पुर्ण पालना गर्न सार्वजनिक सुचना जारी गर्ने ।

घ) हाल सम्म नगरमा लकडाउनको अवस्था र नगरपालिकाले विपत प्रतिकार्यको लागि गरेका गतिविधीहरु र यस अवधिमा हुन सक्ने सम्भावित जोखिम न्युनिकरण गर्न जिल्ला सुरक्षा समिति समक्ष अनुरोध गर्ने ।

Scanned with CamScanner